# कटहरी गाउँपालिकाको स्थानीय सेवाका कर्मचारीहरुको तहबृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८१

स्वीकृत मिति: २०८१।३।३

कटहरी गाउँपालिका

कोशी प्रदेश

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

CS CamScanner

**कटहरी गाउँपालिकाको स्थानीय सेवाका कर्मचारीहरुको तहवृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८१**

प्रस्तावना

कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा रहेको तहवृद्धि सम्बन्धि प्रावधानलाई व्यवस्थित गरी कार्यान्वियन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी कटहरी गाउँपालिकाको गाउँकार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ - (१) यो कार्यविधिको नाम "स्थानीय सेवाका कर्मचारीहरुको तहवृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ ।

२. परिभाषा - विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "ऐन" भन्नाले कोशी प्रदेश सभाबाट पारित भई प्रदेश राजपत्रमा प्रकाशित भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्दछ ।

(२) "कार्यालय" भन्नाले कटहरी गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(३) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्दछ ।

(४) "गाउँपालिका" भन्नाले कटहरी गाउँपालिका सम्झनु पर्दछ ।

(५) "कार्यपालिका" भन्नाले कटहरी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कटहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(७) "कर्मचारी" भन्नाले स्थानीय सरकारी सेवाको पदमा बहाल रहेको स्थायी अस्थायी र करारका कर्मचारी सम्झनु पर्दछ । र सो शब्दले समायोजन भएका कर्मचारीलाई समेत जनाउँदछ ।

(८) "तह वृद्धि" भन्नाले ऐनको दफा ४ र २७ वमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ ।

(९) "तह मिलान" भन्नाले ऐनको दफा ८ को उपदफा १७ वमोजिम लोकसेवा आयोग र प्रदेश लोकसेवा आयोगबाट स्थानीय तहको छैठौं तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई एक पटकको लागी सातौं तहमा गरिने तह मिलानलाई सम्झनु पर्दछ ।

(१०) "प्रदेश लोकसेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ ।

(११) "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ४ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ ।

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

(१२) "मन्त्रालय" भन्नाले कोशी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्दछ ।

(१३) "स्थानीय सरकारी सेवा" भन्नाले ऐनको दफा ३ बमोजिम स्थानिय तहमा रहने स्थानिय सरकारी सेवा सम्झनु पर्दछ ।

(१४) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन २०७५ सम्झनु पर्दछ ।

३. सूचना प्रकाशन गर्ने -

(१) यो कार्यविधि बमोजिम कटहरी गाउँपालिकाको स्थानीय सरकारी सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तहबृद्धि/ मिलानको लागी आवेदन पेश गर्न प्रत्येक वर्षको असार र पुष महिनामा कम्तिमा ३० दिनको म्याद दिई दरखास्त आवह्रान गरिनेछ ।

(२) उपदफा १ बमोजिम प्रकाशित सूचना कार्यालयको वेवसाइट र सूचना पाटीमा प्रकाशन गरिनेछ ।

४. सिफारिस समिति -

(१) ऐनको दफा ४ को उपदफा ५ र दफा २७ को उपदफा १ र २ बमोजिम गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको तह बृद्धि गर्न ऐनको दफा ८ को उपदफा १७ वमोजिम तह मिलान गर्न ऐनको दफा २७ को उपदफा ४ बमोजिमको तह बृद्धि सिफारिस समिति रहनेछ ।

(२) समितिको सचिवालयको काम कार्यालयको कर्मचारी प्रशासन शाखाले गर्नेछ ।

(३) समितिको वैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको काम कर्तव्य र अधिकार - सिफारिस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) तह बृद्धि प्रयोजनको लागी कार्यतालिका निर्धारण गर्ने ।

(२) आवेदन पेश गर्नको लागी सूचना प्रकाशित गर्ने ।

(३) पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

(४) तह बृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह बृद्धि तथा मिलानको लागी गाउँकार्यपालिकामा सिफारिस गर्ने ।

(५) यस कार्यविधिको दफा १४ बमोजिम प्रदेश लोकसेवा आयोग सँग तह बृद्धिको लागी परामर्श माग गर्ने ।

(६) सिफारिस -

(१) दरखास्त दिने अन्तिम मितिको १५ दिन भित्रमा सिफारिस समितिले अनुसूचि १ बमोजिमको ढाँचामा निवेदन साथ प्राप्त कागजातहरुको जाँच गरी कार्यालयलाई तह बृद्धिको लागी सिफारिस गर्नुपर्नेछ ।

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

CS CamScanner

(२) उपदफा १ वमोजिम सिफारिस गर्दा कर्मचारीहरुको तह बृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक योग्यता तथा जेष्ठतालाई आधार मानी क्रम निर्धारण गरी सिफारिस गर्नुपर्नेछ ।

(३) यस कार्यबिधि वमोजिम तह बृद्धिभएका कर्मचारीहरुलाई अनुसूची २ बमोजिम ढाँचामा तह बृद्धिको पत्र दिईनेछ ।

७. तह वृद्धि वा बढुवाको लागी न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि - यस कार्यबिधि वमोजिम हुने तह बृद्धि तथा ऐन बमोजिम हुने बढुवाको लागी भएको ऐनको दफा ४,८,२६,२७,२८, र २९ मा तोकिए बमोजिम न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि पुरा गरेको हुनुपर्नेछ ।

८. तह वृद्धि सम्बन्धि विशेष ब्यवस्था -

(१) ऐनको दफा ८ को उपदफा १७ वमोजिम लोकसेवा आयोग र प्रदेश लोकसेवा आयोगबाट स्थानिय तहको छैठौं तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई ऐन प्रारम्भ भएपछि एक पटकका लागी सातौ तहमा तह मिलान गरिनेछ ।

(२) ऐनको दफा ८ को उपदफा १६ बमोजिम साविक स्थानीय निकायको स्वीकृत दरवन्दीमा अधिकृत छैठौं र आठौं तहको पदमा स्थायी नियुक्ति भई स्थानिय तहको सोही तहको पदमा कामकाज गरिरहेका र निजामति सेवा बाहेकबाट समायोजन भई आएका र एक पटक पनि तह वृद्धि नभएका कर्मचारीलाई माथिल्लो तहका लागी आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेको भएमा ऐनको दफा २७ को उपदफा ४ बमोजिमको समितिको सिफारिसको आधारमा अख्तियारीवालाले एक पटकको लागी स्थानिय सेवाको क्रमश अधिकृत सातौं र नवौं तहमा बढुवा गर्नेछ ।स्वास्थ्य सेवाको सातौं तहको लागी न्यूनतम योग्यता सामान्य चिकित्सामा प्रमाण पत्र तह/नर्सिङ्ग विषयमा प्रमाण पत्र तह वा सि.अ.हे.व./सि.अ.न.मी. स्तरोन्नती तालिम लिई छैठौं तहमा समायोजन भएका कर्मचारीलाई समितिको सिफारिसको आधारमा अख्तियारीवालाले एक पटकको लागी स्थानीय सेवाको अधिकृत सातौ तहमा बढुवा गर्नेछ । स्थानिय सेवाको क्रमश अधिकृत सातौ र नवौ तहमा बढुवा गर्नेछ। त्यसरी बढुवा हुँदा माथिल्लो पद स्वत सृजना हुनेछ र तल्लो तह खारेज हुनेछ ।

(३) ऐनको दफा ४ को उपदफा ५ बमोजिम स्थानिय तहको सहायक चौथो र पाँचौ तहमा तथा सातौ र नवौ तहको पदमा समान पदमा समायोजन भई सोही पदमा कार्यरत रहेका हाल सम्म तीन वर्ष सेवा अवधि पूरा भएमा स्वत एक तह वृद्धि हुनेछ ।निजहरु जुनसुकै व्यहोराले अवकास भएमा सो पद स्वत खारेज भई तल्लो तहको पदमा पदपूर्ति गरिनेछ ।

(४) ऐनको दफा २६ को उपदफा १ मा स्थानिय तहमा समायोजन भएका कर्मचारीहरुको यस ऐन बमोजिम तह वृद्धि वा बढुवा प्रयोजनका लागि जेष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायि नियुक्ति पाएको मितिवाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ ।

(५) ऐनको दफा ४ को उपदफा ५ तथा दफा २७ को उपदफा १ र २ वमोजिम तह वृद्धि भएका कर्मचारीलाई ऐनको दफा २७ को उपदफा ४ बमोजिमको समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि निर्णय कार्यान्वयन गरि अनुसुचि २ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिईनेछ ।

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

(९) तह वृद्धि वा बढुवा रोक्का हुने - यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा कार्यविधिको दफा ४ को उपदफा १ बमोजिमको सिफारिसमा समितिले ऐनको दफा ३० मा उल्लेख भएको तपशिल बमोजिमको अवधि सम्म कर्मचारीलाई तह वृद्धिका लागि सिफारिस गरिने छैन ।

१. निलम्वन भएकोमा निलम्वन भएको अवधिभर,

२. तह वृद्धि वा वढुवा रोक्का भएकोमा तह वृद्धि वा वढुवा रोक्का भएको अवधिभर,

३. तलव वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

४. ऐनको दफा ४१ बमोजिम सेवा वा समुह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समुह परिवर्तन भएको मितिले ३ वर्षको अवधिभर,

५. असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदा अवधिभर,

६. स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर,

१०. तह वृद्धि वा बढुवा नियुक्तिको रोक्का - ऐनको दफा ३१ को उपदफा १,२ र ३ मा भएको व्यवस्था विपरित तह वृद्धि वा वढुवा नियुक्ति गरिने छैन ।

११. तह वृद्धि कार्यान्वयन -

१. ऐनको दफा २७ को उपदफा ४ बमोजिमको समितिको सिफारिसको आधारमा कार्यपालिकावाट भएको तह वृद्धिको निर्णय प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वयन गर्नेछ ।

२. तह वृद्धि व्यवस्थापनमा कुनै दुविधा उत्पन्न भएमा ऐनको दफा ३८ को उपदफा १ को (क) र (ख) वमोजिमको वढुवा समितिको निर्णय अनुसार कार्यानयन गर्नुपर्नेछ ।

१२. जेष्ठता कायम सम्बन्धी व्यवस्था-

१. यस कार्यविधि बमोजिम तह वृद्धिको लागि जेष्ठता गणना गर्दा स्थानिय सरकारी सेवाको पदमा वहाल रहेको स्थायी कर्मचारीको समन्धित तहको सेवा समुहको पदमा सुरु नियुक्ति मितिवाट लागु हुने गरी गणना गरिने छ ।

२. यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहमा समायोजन भएका कर्मचारीको ऐन बमोजिम तह वृद्धिका लागि जेष्ठता गणना गर्दा ऐनको दफा २६ को उपदफा १,२ र ३ वमोजिम गणना गरिनेछ ।

१३. जानकारी दिनुपर्ने -

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

यस कार्यविधि वमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनुपर्नेछ ।

१४. परामर्श

ऐनको दफा १०३ को उपदफा ३ वमोजिम स्थानिय तहले ऐन प्रारम्भ भएपछी हुने तह वृद्धि तथा वढुवा समन्धी कार्य गर्दा प्रदेश लोकसेवा आयोगको परामर्श अनिवार्य रुपमा लिनुपर्नेछ ।

१५. बाधा अड्काउ फुकाउने अधिकार

यस कार्यविधिको कार्यान्वियनमा कुनै वाधा उत्पन्न भएमा वाधा अड्काउ फुकाउने अधिकार मन्त्रालय र प्रदेश लोकसेवा आयोगको परामर्शमा गाउँकार्यपालिकामा निहित रहनेछ ।

१६. उजुरी/गुनासो

ऐन र यस कार्यविधि वमोजिम भएको तह वृद्धिको निर्णय उपर चित्त नवुझेमा निर्णय सार्वजनिक भएको मितिले २१ दिन भित्र प्रदेश लोकसेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

१७. प्रचलित कानुन बमोजिम हुने

यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि वमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन वमोजिम हुनेछ।

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

अनुसूची १

(कार्यविधिको दफा ६ को १ सँग सम्बन्धित)

<u>तह बृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा</u>

मिति : २०८१/ /

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
कटहरी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय मोरङ ।

विषय : तह वृद्धि गरी पाउँ।

प्रस्तुत विषयमा यस कटहरी गाउँपालिकाको तह वृद्धि सिफारीश समितिको मिति २०/ / गते प्रकाशित सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना वमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपिसल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

<u>तपसिल</u>

१. स्थायी नियुक्तिको पत्र ।
२. बढुवा/तह वृद्धि भएको पत्र। (दफा ८(१६) को हकमा नपर्ने)
३. समायोजन पत्र । (समायोजन भएका कर्मचारीको हकमा मात्र)
४. नेपाली नागरिकताको प्रमाण पत्र।
५. न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्र।

| हाल कार्यरत रहेको | तह वृद्धि गरिने |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवाः | सेवाः |
| समुहः | समुहः |
| कार्यालय | कार्यालय |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

निवेदक
नाम :
दस्तखत :

CamScanner

क.सं. नम्बर :

अनुसूची २

(कार्यविधिको दफा ६ को ३ सँग सम्बन्धित)

**तह बृद्धि पत्रको ढाँचा**

पत्र संख्या
चलानी नं.

मितिः२०। ।

विषयः तह बृद्धि गरिएको ।

तपाईंलाई गाउँ कार्यपालिकाको कार्यालयको मिति........ गतेको निर्णयानुसार स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा...........बमोजिम मिति...........गते देखि जेष्ठंता कायम हुने गरी स्थानिय सेवामा तपसिल बमोजिम तह बृद्धि गरिएको छ ।तह वृद्धि हुनुभएकोमा हार्दिक बधाई तथा कार्य सफलताको शुभकामना।

तपाई लाई प्राप्त जिमेवारी राष्ट्र ,जनता र सरकार प्रति कर्तव्यनिष्ठ भई प्रचलित ऐन कानुन को परिधिमा रहेर पारदर्शी ,निष्पक्ष ,अनुशासित भई सकारात्मक सोच र उर्जाकासाथ कार्य सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा लिएको छु ।

तपसिल :

| हाल कार्यरत रहेको | तह बृद्धि भएको |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवाः | सेवाः: |
| समुहः | समुह |
| कार्यरत कार्यालय : | कार्यरत कार्यालय : |

श्री ................

कर्मचारी सकेत नम्वर

**बोधार्थ :**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर मोरङ्ग ।

श्री राष्ट्रिय किताबखाना(निजामती) पुल्चोक ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर मोरङ ।

श्री प्रदेश किताबखाना, विराटनगर मोरङ ।

श्री नागरिक लगानी कोष, नयाँ वानेश्वर काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, मोरङ ।

श्री कर्मचारी सञ्चयकोष, विराटनगर मोरङ।

श्री आर्थिक प्रशासन शाखा, कटहरी गाउँपालिका, गाउँकार्यपालिको कार्यालय कटहरी मोरङ ।

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष